# जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड

## जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत आयोजना (१०६ मेगावाट) को

## वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (३) सँग सम्बन्धित)

**(प्रकाशित मिति: २०७९ जेठ १७ गते)**

कर्णाली प्रदेश, डोल्पा जिल्लाको जगदुल्ला गाउँपालिका र मुड्केचुला गाउँपालिकामा जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड**<br>बानेश्वर- १०, काठमाडौं, नेपाल<br>फोन: ०१-४४७९२४२<br>ई-मेल: info@jhcl.com.np<br>वेब साईट: https://jhcl.com.np |
| प्रस्तावको व्यहोरा | जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडले कर्णाली प्रदेश, डोल्पा जिल्लाको जगदुल्ला गाउँपालिका र मुड्केचुला गाउँपालिका भएर बग्ने जगदुल्ला (भेरी) नदीमा १०६ मेगावाट क्षमताको अर्ध जलाशययुक्त जलविद्युत आयोजना निर्माण तथा सञ्चालन गर्न प्रस्ताव गरेको छ । उक्त आयोजनाको बाँध र जलाशय लगायतका केही संरचनाहरु शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछन् । प्रस्तावित आयोजनाले जगदुल्ला गाउँपालिकाको वडा नं. ३ स्थित हुरिकोट गाउँ नजिक जगदुल्ला नदीमा लगभग २३ मिटर अग्लो बाँध निर्माण गर्नेछ भने मुड्केचुला गाउँपालिकाको वडा नं. ४ स्थित इल गाउँ नजिक (जगदुल्ला नदी र फेदीखोलाको दोभान भन्दा करिब २०० मिटर माथि, जगदुल्ला नदी तर्फ) विद्युतगृह निर्माण गर्नेछ । ६,१३५ मिटर लामो हेडरेस सुरुङ्ग बनाइने यो आयोजनाको कुल हेड (Gross head) ७८९.६० मिटर हुनेछ । मुख्यत: विद्युतको अधिकतम माग हुने समयमा सञ्चालन गर्ने उद्देश्यका साथ यो आयोजना निर्माण गर्न लागिएको हो । यस आयोजनाले जगदुल्ला गाउँपालिका वडा नं. १, २, ३, ४, ५, ६ र मुड्केचुला गाउँपालिका वडा नं. ४, ५, ६, ७, ८ का क्षेत्रहरूलाई प्रभाव पार्ने देखिन्छ । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | प्रभाव पर्न सक्ने जिल्ला: डोल्पा<br>प्रभाव पर्न सक्ने न.पा./गा.पा.: जगदुल्ला गाउँपालिका, मुड्केचुला गाउँपालिका |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| **जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड**<br>बानेश्वर- १०, काठमाडौं, नेपाल<br>फोन: ०१-४४७९२४२<br>ई-मेल: info@jhcl.com.np<br>वेब साईट: https://jhcl.com.np | **एनइए इन्जिनियरिंग कम्पनी लिमिटेड**<br>ट्रेड टावर भवन, थापाथली, काठमाडौं, नेपाल<br>फोन: ०१-५१११०२४<br>ई-मेल: info@neaec.com.np<br>वेब साईट: www.neaec.com.np |